दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक २२५ | बुटवल | २०८२ साउन २५ गते, आइतबार | नेपाल संवत ११४५ | Sunday August 10, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## मुसिकोटकी उप-मेयर एमालेबाट निलम्बित



गुल्मी । नेकपा एमालेले गुल्मीको मुसिकोट नगरपालिकाकी उप-प्रमुख गंगा श्रेष्ठलाई निलम्बन गरेको छ ।

जिल्ला कमिटी गुल्मीको पदाधिकारी बैठकले श्रेष्ठलाई एक वर्षका लागि पार्टी सदस्यबाटै निलम्बन गरी निष्कासन गरेको हो ।

जिल्ला कमिटी गुल्मी अध्यक्ष बालसिंह काउछाले श्रेष्ठलाई अनुशासनको कारबाही गरिएको भन्दै एक वर्षसम्म पार्टी सदस्य नरहने भनी पत्र पठाएका छन् । एमाले जिल्ला कमिटी सदस्यसमेत रहेकी श्रेष्ठलाई गत असार २९ गते स्पष्टीकरण सोधिएकोमा उनले ३२ गते लिखित जवाफ दिएकी थिइन् । निलम्बनपछि उनलाई पार्टी सदस्यको हैसियतमा कुनै पनि काम-कारबाही नगर्न चेतावनी दिइएको छ ।

श्रेष्ठले भने आफ्नो अधिकार खोज्दा कारबाहीमा परेको बताएकी छन् । उनले पछिल्लोपटक मुसिकोट नगरपालिकामा बजेट निर्माणमा असहमति जनाएकी थिइन् । यहाँ मेयर पनि एमालेले नै जितेको छ । तर, उप-मेयर श्रेष्ठ उनीसँग सहमत थिइनन् ।

## रूपन्देही-३ जसरी पनि जित्नुपर्छ : रेशम



बुटवल । नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीले रुपन्देही-३ मा हुने उप-निर्वाचन संघीय लोकतान्त्रिक मोर्चाका लागि परीक्षा भएको बताएका छन् ।

संघीय मोर्चाले कैलालीमा आयोजना गरेको वर्तमान राजनीतिक अवस्थाबारे 'जनजागरण अभियान' कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा उनले उक्त निर्वाचन आफ्नो मोर्चाले जसरी पनि जित्नुपर्ने बताए ।

थारु-मधेशीलगायत सबै उत्पीडितहरूको एकताको निम्ति मोर्चा गठन गर्नु परेको उनको भनाइ थियो ।

'यसपालि रुपन्देहीमा हुने उप-निर्वाचन मोर्चाको परीक्षा हो,' चौधरीले भने-'यो निर्वाचन हामीले जसरी पनि जित्नुपर्ने छ ।'

साथै, उनले थारु भएकै कारण आफूहरूमाथि राज्यसत्ताबाट अन्याय र विभेद भएको गुनासो पनि गरे ।

» बाँकी ३ पेजमा

### कारागारको दुर्दशाले बारम्बार अप्रिय घटना :

# देशभर क्षमताभन्दा ११ हजार बढी कैदी

**क्षमताभन्दा चार गुणा बढी कैदी राखेपछि त्यहाँ अत्यधिक भीडभाड, व्यवस्थापन संकट, स्वास्थ्य र मानवअधिकारसम्बन्धी चुनौतीहरू निम्तिने सुरक्षाविद्हरु बताउँछन् ।**



**लुम्बिनी संवाददाता**
*बुटवल*

कैलाली कारागारमा शुक्रबार राति एक जनाको मृत्यु र ४५ जना बढी घाइते हुने गरी भएको घटना राष्ट्रियस्तरमा चर्चाको विषय बन्यो । १५० जना क्षमता भएको यो कारागारमा चार गुणा बढी ७ सय जना कैदीबन्दी रहेका छन् । यो कारागारमा शनिबार राति करिब ११ बजेतिर झडप भएको थियो ।

उक्त झडपमा लागुऔषधसम्बन्धी मुद्दाका थुनुवा धनगढी उप-महानगरपालिका-४ का ४० वर्षीय भरत चौधरीको मृत्यु भएको थियो भने अन्य ४७ जना घाइते भएको प्रहरीको भनाइ छ । घटनाको १४ घण्टासम्म सुरक्षाकर्मी कारागारभित्र प्रवेश गर्न नसकेको घटना निकै गम्भीर हो । कैदीबन्दीहरुले भित्रबाट ताला लगाएर थुनुवा कक्षको मूल गेटमा ग्याँस सिलिन्डर राखेर कोहीभित्र प्रवेश गरे सिलिण्डर पड्काएर आगो लगाइदिने चेतावनी दिएका थिए ।

प्रहरीका अनुसार ब्लक ए मा रहेका कैदीबन्दीको समूहले ब्लक बी मा रहेका कैदीबन्दीमाथि राति अन्धाधुन्ध आक्रमण गरेका थिए ।

स्रोतका अनुसार ब्लक ए बाट बी मा प्रवेश गर्न वर्षौं पहिले बनाइएको ढोका इट्टाले टालिएको थियो । इट्टाले टालिएको सोही ढोका कारागारभित्र रहेका जिमखानाका सामानले फुटाएर उनीहरू ब्लक बी मा प्रवेश गरेका थिए । ब्लक बी मा रहेका अधिकांश कैदीबन्दी निदाएको अवस्था थियो । उनीहरूले त्यहाँ रड, खुकुरी, चक्कु, इट्टालगायतले अन्धाधुन्ध आक्रमण गरेका थिए । ब्लक बी मा सुतेकाहरुलाई आफ्नै ब्लकमा लिएर उनीहरुले कुटेका थिए ।

यो दुःखद घटनाका पछाडि जे जे कारणहरु भए पनि राज्यको कमजोरी प्रमुख कारण हो भन्नेमा दुईमत हुन सक्दैन ।

कारागार प्रशासनले नाइके परिवर्तन गर्न खोजेकोमा स्थानीय प्रशासन र राजनीतिकर्मीहरूबिच शक्ति संघर्ष चलिरहेको स्थानीय जानकारहरुको भनाइ छ ।

घटनाबारे छानबिन गर्नका लागि सहायक सीडीओ किरण जोशीको संयोजकत्वमा डीएसपी राजकुमार सिंह, सशस्त्र प्रहरीका डीएसपी जनकराज पन्त, अनुसन्धान अधिकृत दीपेन्द्र सिंह र जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत शिवराज जोशी सदस्य सचिव रहेको छानबिन समिति बनेको छ । उक्त समितिले घटनाको कारण पत्ता लगाएर १० दिनभित्र प्रतिवेदन दिनुपर्ने कार्यादेश राखिएको छ ।

क्षमताभन्दा चार गुणा बढी कैदी राखेपछि त्यहाँ अत्यधिक भीडभाड, व्यवस्थापन संकट, स्वास्थ्य र मानवअधिकारसम्बन्धी चुनौतीहरू अवश्य निम्त्याउँछ नै । मानवअधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालयले कैलाली कारागारमा शुक्रबार राति भएको घटनामा गम्भीर लापरबाही भएको औंल्याएको छ ।

मानवअधिकार आयोगको टोलीले कारागार कार्यालयको निरीक्षण गर्दै कारागार प्रशासन र फितलो सुरक्षाका कारण कारागारभित्र हिंसात्मक घटना भएको जनाएको छ । मानवअधिकार आयोग धनगढीका प्रमुख प्रकाशदत्त भट्टले घटनापछि शनिबार दिउँसो कारागारको निरीक्षण गरिएको बताए ।

निरीक्षणका क्रममा कारागार प्रशासनका प्रमुख बिदामा भएको कारण समन्वयको अभाव, आन्तरिक सुरक्षामा लापरबाही, क्षमताभन्दा बढी कैदीबन्दी र कैदीबन्दीको स्थान्तरण पारदर्शी हिसाबले नभएको लगायतका कारणले घटना हुन पुगेको देखिएको बताए ।

पञ्चायतकालमा बनेका जीर्ण कारागारहरु पञ्चायती व्यवस्था ढलेको चार दशक पुग्न लाग्दासम्म समयसापेक्ष सुधार र स्तरोन्नति नहुनु आफैमा घोर विडम्बना र गणतान्त्रिक व्यवस्थाकै लागि लज्जास्पद हो ।

कैदी बन्दीकै मानव अधिकारका दृष्टिले पनि नेपालका कारागारहरु न्यूनतम मानवअधिकार पनि हनन् हुने खालका रहेका मानवअधिकारकर्मी र सांसदहरुको ठहर छ ।

हाल नेपालमा रहेका ७५ वटा कारागारमा करिब १८ हजार कैदी-बन्दी राख्न सकिने क्षमता छ । तर सरकारले २९ हजार बढी अर्थात् लगभग ३८.७% बढी कैदीबन्दी राखिरहेको छ ।

क्षमताभन्दा अत्यधिक बढी कैदी राखेपछि स्वभाविकरुपमा व्यवस्थापनमा समस्या र सुरक्षा चुनौती आउने नेपाल प्रहरीका पूर्व डीआइजी रमेश खरेल बताउँछन् । 'नेपालका कारगारमा बारम्बार कैदी बन्दीबिच हुने झडप र हत्यासम्मका घटनाको मूल कारण क्षमताभन्दा अत्यधिक बढी कैदी राख्ने सरकारको नालायकी हो, निरंकुश पञ्चायतकालमा बनेका कारागार न सुधार न स्तरोन्नति भएको छ, कारागारहरु जीर्ण भएका छन्, कैदी बस्न ठाउँ अभाव भएको छ, कोचाकोच बस्नुपर्दा अनेक विवाद, मनमुटाव सिर्जना हुन्छन्, यिनै कारणले अप्रिय घटनाहरु भइरहेका छन्,' खरेलले भने-'कारागारहरुलाई मानवअधिकारमैत्री र उत्पादनमूलक बनाउन सरकारले खासै ध्यान दिएको छैन, कारागार सुधारमा लगानी पनि गरेको छैन, यस्तै अवस्था रहे भविष्यमा पनि दुर्घटना र अप्रिय घटनाहरु दोहोरिनसक्छन् ।'

## सम्बर्द्धन प्रणालीले काठ उत्पादन र राजस्व निरन्तर बढ्दै

**टिआर शर्मा**
*बुटवल*

लुम्बिनी प्रदेशमा काठ उत्पादन, वनबाट सरकारलाई प्राप्त हुने राजस्व, रोजगारी र कारोबार निरन्तर बढ्दो छ । आर्थिक वर्ष २०७८-०७९ यता आ.व. २०८१/८२ सम्मको तथ्यांकलाई हेर्दा वन क्षेत्रबाट हुने आम्दानी र कारोबार बढ्दै गएको पुष्टी हुन्छ । यसको प्रमुख कारण सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन नै भएको सम्बन्धित सरकारी अधिकारीहरुको दाबी छ ।

राजस्व आम्दानीतर्फ आ.व. २०८१/८२ मा प्रदेश सरकारले वनक्षेत्रबाट मात्रै ४२ करोड ५ लाख ४७ हजार ४६८ रुपैयाँ राजस्व संकलन गरेको छ । जबकि ०८०-८१ मा १७करोड १४ लाख २ सय १६ रुपैयाँ, २०७९-८० मा १४ करोड ६३ लाख ५७ हजार ८४५ रुपैयाँ र २०७८-७९ मा १२ करोड ४० लाख २२ हजार ७३४ रुपैयाँ थियो ।

काठ उत्पादनतर्फ आ.व. २०८१/०८२ मा २७ लाख ६० हजार ५९८ क्युफिट, ०८० -०८१ मा २३ लाख ८८ हजार ४५७ क्युफिट, २०७९-०८० मा १७ लाख ८५ हजार ८३१ क्युफिट र २०७८-०७९ मा २ लाख ५१ हजार ९२२क्युफिट रहेको थियो ।

रोजगारी श्रम दिनतर्फ आ.व. २०८१/८२ मा २४ लाख ६० हजार २३४, ०८० -८१ मा २० लाख १० हजार ७४२, ०७९-८० मा १४ लाख ११ हजार ८९५ र २०७८-७९ मा १० लाख १९ हजार ७४५ रहेको थियो ।

» बाँकी ३ पेजमा

## मानिस हराएको सूचना

म यो सूचना मार्फत जानकारी गराउन चाहान्छु कि राष्ट्र भारत, उत्तर प्रदेश, (उद्योग नगर) कानपुर, दादा नगर ९२०, पिन नं. २०८०२२ को पुरन राम विश्वकर्माको छोरा, मेरो दाइ वर्ष ३६का संजिव विश्वकर्मा यहि मिति २०८२/०४/१८ आइतबारका दिन लुम्बिनी नेत्र विज्ञान, सिद्धार्थनगर-३, रुपन्देही, नेपाल आउने क्रममा हराएको र सोहि दिनको दिउँसो देखि उहाँसँग कुनै खालको सम्पर्क हुन नसकेको हुँदा भेटनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय तथा तल उल्लेख गरिएको ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध गर्दछु ।

**विवरण**

नाम : संजीव कुमार विश्वकर्मा
उमेर : ३६, उचाई-६ फुट, रंग- गोरो
मोबाइल : +91 9455817935
लुगा : आकाशी रंगको टिसर्ट र गाढा निलो जिन्स



चौकी प्रभारी दादानगर, कानपुर नगर 8299290924

थाना प्रभारी गोविन्द नगर 9454403726

प्रार्थी
राजीव कुमार विश्वकर्मा
९२०, दादानगर कानपुर, उ.प्र. (भारत)
मो: 876569688,7753889885, 9695419211, 9935099331

नोटः फेला पार्नुहुने जो कोहिलाई पुरस्कारको व्यवस्था गरिएको छ ।



## सम्पादकीय

# विमान उडानको अनिश्चय हटाऊ

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान गर्दै आएका तीन विमान कम्पनीले स्थगित गरेको उडान अझै अनिश्चित छ। विमान उडान स्थगित भएपछि यहाँका व्यवसायी आक्रोशित भएका छन् । गौतमबुद्ध विमानस्थलबाट उडान नियमित नहुँदा पर्यटन प्रधर्द्धनको भविष्य देखेर भएको लगानीको जोखिम बढेको छ।

झण्डै ४० अर्ब लगानीमा बनेको विमानस्थल नियमित नचल्दा राज्यलाई परेको व्ययभार एकातिर छ, व्यवसायीले व्यहोर्नु परेको नोक्सानी पनि उत्तिकै छ। गत कार्तिकदेखि थाई एयर एशिया,फ्लाई दुबई र जजीराले उडान सुरु गरेपछि उत्साहित भएका व्यवसायी अरू विमान कम्पनीले पनि उडान गर्छन् भन्ने विश्वासमा थिए । बौद्धमार्गी बाहुल्य मुलुकका विमान कम्पनीले पनि भैरहवा सिधै उडानमा रुची देखाइरहेको र सरकारले पनि पहल गरिरहेकोले थप उडान हुन्छ भन्ने विश्वास थियो । तर थप विमान कम्पनीले उडान गरेनन् । उडान सुरु गरेका कम्पनीले पनि स्थगित गरेपछि व्यवसायी निराश हुनु स्वाभाविकै हो ।

विमानस्थल चल्नका लागि यहाँ तत्काल श्रम स्विकृतिको लागि कार्यालय आवश्यक पर्छ । मेडिकल जाँच, भिसा सेन्टर, कार्गो र विदेश पढ्न जाने विद्यार्थीको लागि नो अब्जेक्सन सर्टिफिकेट(एनओसी), ठूला ट्राभल एजेन्सीका कार्यालय स्थापना पनि हुनुपर्छ । ती कार्यालय नहुँदा सेवाग्राही काठमाडौं धाउनुपर्ने बाध्यता छ । विमानस्थलमा विमान आए तर विमानस्थल चल्नका लागि चाहिने कार्यालय स्थापनामा ढिलाइ हुनु गैरजिम्मेवार क्रियाकलाप हो ।

मुलुकमा संघीय शासन प्रणाली स्थापना भइसकेको छ, तर केन्द्रीकृत राज्य संरचनाको मनोविज्ञान बदलिन नसक्दा शासन प्रणाली संस्थागत हुन सकेको छैन । काठमाडौं केन्द्रित मनोविज्ञानले पनि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा बाधा पुगेको छ ।

भैरहवा विमानस्थलबाट चढ्ने यात्रु पर्याप्त हुन नदिन काठमाडौं केन्द्रित ठूला ट्राभल एजेन्सीले अन्तर्राष्ट्रिय हवाई टिकटमा कार्टेलिङ गरेका, एयरलाइन्स कम्पनीहरुले भैरहवामा सम्पर्क कार्यालय नखोलेका र स्थानीय ट्राभल एजेन्सीलाई टिकट बेच्न नदिएकाले पनि विमानस्थल चल्न नदिन सेटिङमा काम भइरहेको भन्ने व्यवसायीको दाबी छ । विमानस्थल चलाउनका लागि सरकारले कार्ययोजना बनाएर काम गर्नुपर्छ । पहिलो अहिले स्थगित गरेका कम्पनीलाई पुनः उडान सुरु गराउन पहल गर्ने, दोस्रो बौद्धमार्गी बाहुल्य मुलुकबाट उडान नियमित गर्न पहल लिने, तेस्रो भारतसँग नयाँ हवाई रूट लिन पहलकदमी लिने ।

प्रधानमन्त्रीको आगामी भारत भ्रमाणमा हवाई रूटको विषयमा छलफल र टुंगो लाग्न सक्यो भने मुलुकका लागि उपलब्धिमूलक हुनेछ । हवाई रूट टुंगो नलाग्दा भैरहवा विमानस्थलबाट अन्तराष्ट्रिय उडान सहज नहुने भएकाले सरकारको प्राथमिकता हवाई रूटमै जानुपर्छ ।

# बुद्ध दर्शनमा "दु:ख" को दार्शनिक विश्लेषण



**कमल सिलवाल**

आजभन्दा लगभग २६ सय वर्षअघि इशापूर्व ५६३ मा संसारले एक यस्तो महामानव, जसलाई हामी भगवान बुद्ध भनेर चिन्छौँ, पायो जसले विश्वलाई यस्तो विज्ञान दिनुभयो, जुन आजसम्म पनि जस्ताको त्यस्तै हरेक जीवनमा लागु गर्न सहजै सकिन्छ । राज्यले दिएका तमाम सुख - सुविधा र तत्कालीन समयमा उपलब्ध सबै प्रकारका आराम र मनोरञ्जनका साधनलाई त्यागेर समग्र प्राणीको मुक्तिको लागि २९ वर्षको उमेरमा राज्य त्याग गरी ६ वर्षको ध्यान साधनापश्चात् जुन ज्ञान र विज्ञानको आलोक संसारलाई प्रदान गर्नु भयो त्यो आलोकको थोरै किरण मात्र बुझ्न र त्यही अनुरुप बाँच्न सके जीवन सार्थक हुने थियो, समाज सुन्दर हुने थियो । महाकरुणायुक्त चित्त भएका भगवान बुद्धले सम्पूर्ण प्राणीहरुको उद्दारका खातिर गरिएको ध्यानबाट प्राप्त अनन्त प्रज्ञालाई सर्वप्रथम पञ्चवर्गीय भिक्षु सामु प्रथम धर्मचक्र प्रवर्तनका क्रममा चार आर्य सत्यका रुपमा प्रकट गर्नु भयो । ती आर्य सत्यहरु दुःख, दुःखको समुदय, दुःखको निरोध र दुःख निरोधगामी मार्गहरु थिए । दुःखलाई गहिरो र दार्शनिक रुपमा सायदै कसैले यसरी विश्लेषण गरेको थियो वा छ । जहाँ मानिस दुःखका सन्दर्भमा कुरा पनि गर्न चाहँदैन त्यहाँ भगवान बुद्ध दुःखलाई विश्लेशण गर्नु हुन्छ ।

सतही रुपमा भगवान बुद्धका प्रारम्भिक देशना सुनेर बुद्धको धर्मलाई वा दर्शनलाई दुःखको धर्म वा दर्शन भन्नेहरु पनि नभेटिएका होइनन् । जसरि एउटा रोगी रोग (दुःख) लाई बोकेर उपचारका लागि चिकित्सकलाई भेट्न पुग्छ तब सबैभन्दा बढी समय रोग (दुःख) को पहिचानमा समय उर्जा र अर्थ नै खर्च हुन्छ । विभिन्न परीक्षण तथा जाँचहरुको नतिजा विश्लेषण पश्चात् रोग (दुःख) को सफल पहिचान भएपछि मात्र औषधी (निदान) प्रयोग गरिन्छ । अर्थात् बिमारको सही विश्लेषण र पहिचान नै निदानको एक मात्र विकल्प हो ।

यसरी हर्ने हो भने संसरका सबै प्राणीहरुको एक मात्र खोजी सुख हो भने त्यस अमूल्य बस्तुलाई ढाकेर राख्ने तत्व दुःखको दार्शनिक र वस्तुगत विश्लेषण नगरी कसरी त्यससम्म पुग्न सकिएला र ? तर आज मानिस मूल विषयमा छलफल र चर्चा गर्न समेत डराउँछ, अनि निरन्तर सुखको अपेक्षा पालिरहन्छ । सुख खोज्ने क्रममा एकपछि अर्को दुःख सृजना गर्दै आफैँलाई धिक्कार्दै बस्छ । त्यसैले बुद्धको धर्म आज पनि अति सान्दर्भिक मात्र होइन अति आवश्यक भएको देखिएको छ ।

भगवान बुद्धले मानव जीवनको आधारभूत समस्याहरुको समाधान खोज्ने गहनतम प्रयास गर्नु भयो । सबै समस्याहरुको मूल नै "दुःख" लाई देख्नु भयो । त्यसैले भन्नु भयोः "सब्बे संखारा दुक्खाति, यदा पञ्ञाय पस्सति" (धम्मपद; २७८) । भगवान बुद्ध भन्नु हुन्छ, जन्मनु दुःख हो, बृद्ध हुनु दुःख हो, मरण दुःख हो, अप्रियसँगको भेट, प्रियजनसँगको बिछोड इच्छाइएको कुरा गुम्नु या नपाउनु सबै दुःख नै हुन् ।

दुःखको गहिराइ र दार्शनिक विश्लेषणका लागि बस्तुगत रुपमा भगवान बुद्धले दुःखलाई तीन तहमा वर्गीकरण गर्नु भएको छ । "तिस्सो दुक्खता दुक्खदुक्खता, सत्तारदुक्खता, विपरिणामदुक्खता" (दीघ्घनिकाय, सङ्गीतिसुत्त) अर्थात् दुःखदुःख, संस्कारधर्म दुःख र विपरिणाम दुःख गरी दुःख तीन किसिमका छन् ।

**क) दुःखदुःखः**

नारायणप्रसाद रिजाल लेख्नुहुन्छ, "प्रत्यक्ष अनुभव भइराख्ने र सबैले सहजै जेलाई दुःख बुझ्नु भएको छ त्यो नै दुःखदुःख हो ।" शारीरिक या मानसिक रुपमा आइपर्ने पीडाको अवस्था जसलाई सामान्य आँखाले देखिन्छ त्यस दुःखलाई यो वर्गमा राखिएको छ । रोगव्याधको कष्ट, सम्बन्धमा हुने वियोग, साधन सुविधाको कमिमा देखिने दुःख आदि सबै यसै वर्ग अन्तर्गत पर्दछन् । यिनै दुःखहरुबाट निस्कन मान्छे दिनरात नभनी परिश्रम गर्छ र त्यही कठीन परिश्रमको फलस्वरुप फेरी उमेर ढल्के पछि अनेक रोग व्याधको शिकार हुन्छ ।भगवान बुद्ध भन्नुहुन्छः "दुःखं वा दुःखं वेदनं वेदियमानो दुःखं दुःखं ति पजानाति" (संयुक्तनिकाय ३६.६) अर्थात जब कायिक वा मानसिक दुःख अनुभव हुन्छ त्यसैलाई दुःखदुःख भनेर बुझ्नु पर्छ ।

**ख) संस्कारधर्म दुःखः**

आचार्य दयानिधि लेख्नुहुन्छ-"कारणहरुको सहकार्यले बनेका कुरालाई संस्कार भनिन्छ । संस्कारको वास्तविक स्वभाव नै त्यसको धर्म हो ।" अतः जब वस्तुको धर्म अनुरुपको अपेक्षा गरिदैन तब दुःख नै प्राप्त हुन्छ । परिवर्तन संसारको नियम हो । संसारमा कुनै पनि वस्तु स्थाइ छैनन् । हामी तिनै अस्थाइ वस्तुहरुबाट स्थाइ सुखको अपेक्षा राख्छौँ, त्यही नै दुःखको मुल कारण हो । यसरी वस्तुको स्वभाविक धर्मविपरीत अपेक्षा गर्दा पाइने दुःख नै संस्कारधर्म दुःख हो(दयानिधि; आधारभुत बौद्ध दर्शन, ८७) ।

**ग) विपरिणाम दुःखः**

भगवान बुद्ध भन्नुहुन्छ-"यं सुखं वेदयितं तं वेदनं विपरिणामं गच्छति, तस्स विपरिणामा दुक्खानुपतिता होती ।" (संयुक्तनिकाय ३६.६) अर्थात् जो सुखद अनुभूति हो त्यो परिवर्तन भएर पीडामा परिणत हुन्छ । दुःख मुक्तिको चाहना सबैको हो । आचार्य दयानिधि लेख्नुहुन्छ-"एउटा दुःख हटाउने प्रकृयाको परिणाम स्वरुप अर्को दुःख आउनु विपरिणाम दुःख हो ।"

भगवान बुद्धले दुःखको देशना मात्र गर्नु भएको छैन । जब दुःखको विश्लेषण हुन्छ तव दुःख निदान सहज हुन्छ । आफ्नो प्रथम धर्मचक्र प्रवर्तनमा भगवान बुद्धले दुःख, यसको उदयका कारण, निवारण र निवारणका मार्गहरु पनि स्पष्ट गर्नु भएको छ, जसलाई हामी चार आर्य सत्यका रुपमा बुझ्छौँ । चार आर्य सत्यमा दुःखको उत्पत्तिदेखि निर्मुलका उपायहरुको निरुपण गरिएको छ ।

**के हो चार आर्य सत्य ?**

चार आर्य सत्य जसलाई चतुरार्य सत्य पनि भनिन्छ । यसलाई पालि भाषामा "चत्तारि अरिय सच्चानि" भनिन्छ । बौद्ध धर्मको केन्द्रिय विषय नै यहि हो । यी सत्यहरु सबैका लागि सबै देश, काल, परिस्थितिमा अकाट्य हुने भएकाले यिनलाई सत्य भनियो । क्लेश रुपी अरि (शत्रु) लाई नष्ट गर्ने आर्य हो । त्यसैले क्लेशहीन आर्यको सत्य भएकोले यी चार सत्यलाई आर्य सत्य भनियो । भगवान बुद्धले प्रथम धर्मचक्र प्रवर्तनमा बताउनु भएका चतुरार्य सत्यहरुलाई यसरी हेरौः

**क) दुक्ख अरिय सच्चः**

जन्मदेखि मरणसम्म सबै दुःख हो । संसारको अनित्यताको कारण जन्मदेखि मरण सम्मको यात्रामा हरक्षण अनुभव हुने कुरा नै दुःख हो । यसलाई स्पष्ट पार्दै भनिएको छः

"इदं खो पण भिक्खवे दुःख अरियसच्चं, जातिपि दुक्खा, जरापि दुक्खा, व्याधिपि दुक्खा, मरणंपि दुक्खं, अपियेहि सम्पयोगो दुक्खो, पियेहि विप्पयोगो दुक्खो, यम्पिच्छं न लभति तम्पि दुक्खं, संखित्तेन पञ्च उपादानक्खन्धा दुक्खा" (मज्झिम निकाय, सच्चविभाङ्ग सुत्त)अर्थातः हे भिक्षुहरू, यो दुःख आर्यसत्य हो । जन्म दुःख हो, बुढ्यौली दुःख हो, रोग दुःख हो, मृत्यु दुःख हो, अप्रियसँगको भेट दुःख हो, प्रियबाट वियोग दुःख हो, मनपरेको नपाउनु दुःख हो, संक्षेपमा, पाँच उपादान स्कन्ध नै दुःख हुन् । यसरी दुःखलाई शारीरिक र मानसिक दुबै रुपमा प्रष्ट्याइएको छ ।

**ख) दुक्खसमुदयं अरियसच्चः**

सुमदय भनेको उदय हुनु, आरम्भ हुनु हो । दुःख समुदय भन्नाले दुःख कसरी उत्पन्न हुन्छ, यसका कारणहरु के के हुन् भन्ने तथ्यको विश्लेषण यस सत्यमा गरिएको छ । भगवान बुद्धले दुःख उदय हुनुको प्रमुख कारणमा तृष्णा हो भन्नु भएको छ । प्रिय जनसँग रहिरहने तृष्णा या अप्रियबाट टाढिन चाहने तृष्णा । तृष्णा नै दुःखलाई उकास्ने मल हो । आचार्य दयानिधि लेख्नुहुन्छः "तृष्णाको आनन्द र अनुरागसँग घनिष्टता छ र यो तत् तत् विषयको ग्रहणार्थ बारम्बार उत्पन्न हुन्छ ।" भगवान बुद्धले तृष्णालाई कामतृष्णा, भवतृष्णा र विभवतृष्णा गरी तीनवटा बताउनु भएको छ । इन्द्रिय सुख कामतृष्णा हो भने संसारमा रहिरहने तृष्णा भवतृष्णा हो।विभवतृष्णा भनेको स्वयम् र संसारदेखि वैराग्य भाव हुनु र स्वयमलाई हानी गर्ने बाटो रोज्नु हो । यी सबै प्रकारका तृष्णाहरु दुःख उदय हुनुका मूल कारणहरु हुन् ।

**ग) दुक्खनिरोधं अरियसच्चः**

निरोधको अर्थ रोक्नु, बन्द गर्नु हो । दुःख निरोध भन्नुको तात्पर्य दुःख चक्रलाई भत्काउनु वा रोक्नु भन्ने हुन्छ । जे जति कारणले दुःख उदय भएको हो तिनको पहिचान गरी, तिनको निरोध गरी दुःखको अन्त्य गर्न सकिने तथ्य निरोध अरियसच्च हो । जसरि तेल र बाती सकिए पछि दियो बल्दैन त्यसै गरी दुःखको उदयको कारण तृष्णा, क्लेश, अविद्या नष्ट भए पछि दुःखको नष्ट हुनेकुरा भगवान बुद्धको देशना हो । दुःखको क्षय हुनु नै परम सुखको अस्था हो, निर्वाण हो ।

**घ) दुक्खनिरोधगामिनी पटिपदा अरियसच्चः**

दुःख निरोध हुन सक्ने तथ्य भए पछि कसरी र कुन बाटोबाट दुःख समाप्त गर्ने, कुन उपायहरुबाट क्लेश, तृष्णाको निरोध गर्ने भन्ने कुराको निरुपण गर्न नै चौथो आर्य सत्य हो । समग्र मुक्तिको मार्ग भएकोले यसलाई निरोगधगामी मार्ग भनिएको हो । दुःखबाट स्थाइ मुक्ति पाउनका लागि भगवान बुद्धले सहज मार्ग बताउनु भएको छ जसलाई आर्य अष्टाङ्गिक मार्ग भनेर चिनिन्छ । सम्यक् दृष्टि, सम्यक् सङ्कल्प, सम्यक् वचन, सम्यक् कर्मान्त, सम्यक् आजिविका, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि गरी आठ मार्गमा हिंड्ने व्यक्तिले अनन्त सुखको अनुभूति गर्छ भन्ने शिक्षा नै बुद्धधर्मको आधारभुत शिक्षा हो ।

यसरि हेर्दा भगवान बुद्धले केवल दुःखको कुरा मात्र गर्नु भएन, दुःखलाई निमिट्यान्न पारेर कसरी सुखी जीवन बाँच्ने भन्ने कुरा पनि सिकाउनु भयो । दुःखको विश्लेषणका क्रममा सुखको मार्ग पनि प्रशस्त गराउने भगवान बुद्ध वास्तवमा मनको विस्तृत विश्लेषण र संश्लेषण गर्ने प्रथम मनोवैज्ञानिक पनि हुनुहुन्छ । मन नै सबै कुराको कारक हो । मन नै सबै दुःखको उद्भव हो । धम्मपदको प्रथम गाथाले पनि यसै भन्छः "मनोपुब्बङ्गमा धम्मा मनोसेट्ठा मनोमया" अर्थात मन नै सबै धर्मको मूल हो । मनको यति गहन विश्लेषण सायदै कतै भएको छ । मनको क्लेश र तृष्णालाई नपखाली हामी सुखको अनुभूति गर्न सक्दैनौँ । भगवान बुद्धले दुःख सिकाउनु भएन बरु दुःखलाई गहिरो गरी बुझेर त्यसबाट पार पाउने उपायहरु (मार्ग) बताउनु भयो । ती मार्गहरु यति धेरै व्यवहारिक छन् कि तिनलाई आजको दैनिकीमा प्रयोगमा ल्याउँदा हरेक जीवन दुःख मुक्त भएर निर्वाणको अनुभवसहित बाँच्न सक्छन् ।

भबतु सब्ब मंगलम् !

(लेखक लुम्बिनी बौद्ध विश्वविद्यालय स्नातकोत्तर तह प्रायोगिक बौद्ध अध्ययनतर्फका प्रथम वर्षमा अध्ययनरत विद्यार्थी हुन् ।)

# उच्च शिक्षाको लागि वैदेशिक अध्ययनको बढ्दो मोह



**मोहन कुँवर**

पछिल्लो समय अधिकांश विद्यार्थी भाईबहिनीहरु १२ कक्षाको अध्ययन पूरा गरिसकेपछि उच्च शिक्षाको लागि वैदेशिक अध्ययनको यात्रालाई नै प्रमुख गन्तव्यको रुपमा महत्त्व दिएको पाइन्छ । देशमा बढ्दो बेरोजगारीको समस्या साथै श्रमको उचित मूल्याङ्कनको अभाव र पुरानो शिक्षाप्रणालीले गर्दा पनि अधिकांश विद्यार्थी तथा अभिभावकहरुको दृष्टिकोणमा उच्च शिक्षाको लागि विदेशमा गरिएको अध्ययनले नै भविष्य सुरक्षित हुन्छ भन्ने महसुस गरेको पाइन्छ ।

वर्षौं समय लगाएर उच्चतहको शैक्षिक प्रमाणपत्र हात पारे पनि आफूले सोंचे जस्तै जागिर पाउन नेपालमा कठिन हुने गर्दछ । कैयौं व्यक्तिहरुमा क्षमता र चाहाना हुँदाहुँदै पनि खाडी मुलुक तिर जान बाध्य भएको समस्या हिजो पनि थियो र आज पनि उस्तै नै रहिरहेको छ । देशमा बढ्दो राजनैतिक अस्थिरता, नेताहरुको खराब आचरण, बढ्दो शैक्षिक बेरोजगार, व्यवहारिक तथा प्राविधिक शिक्षाको अभाव, आधुनिक कृषि प्रणाली तथा पर्यटन क्षेत्रको सेवा सुविधामा समस्यालगायत देशमा उद्योग कलकारखानाको विकासको वृद्धिमा देखिएको ढिला सुस्तिले गर्दा पनि अहिलेका भाइबहिनीहरुमा देशमै बसेर आफ्नो भविष्य सुरक्षित गर्न नसकिने होकि भन्ने सोचले गर्दा पनि वैदेशिक अध्ययन प्रमुख गन्तव्यको रुपमा उदयमान भएको देखिएको छ ।

देशमा आर्थिक विकाश तथा सामाजिक विकासको योजना बनाएपनि राजनैतिक अस्थिरताले गर्दा पूर्णरुपमा विश्वास गर्न नसकिने अवस्था उच्च तहका नेताहरुको दोहोरो चरित्र र अवसरवादी व्यवहारले प्रष्ट पारेको देखिन्छ । चुनावको बेला विकास र समृद्धिका जस्तासुकै घोषणापत्र सार्वजनिक गरेता पनि उक्त घोषणापत्रको कार्यान्वयनमा कुनै पनि प्रयास गरेको देखिदैंन, तर झुटा आश्वासन दिन भने पछि पर्दैनन् । गत आर्थिक वर्षमा नेपालबाट विदेश अध्ययन गर्न जानेहरूसँगै १ खर्ब २५ अर्ब १३ करोड रुपैयाँ बाहिरिएको नेपाल राष्ट्र बैङ्कको विवरण छ । त्यो अघिल्लो वर्षको भन्दा करिब एक चौथाइको वृद्धि हो ।

पछिल्ला दुई वर्षमा त्यस्तो कारोबार एक खर्ब रुपैयाँभन्दा माथि रहेको केन्द्रीय बैङ्कको विवरणमा देखिन्छ । पछिल्ला वर्षमा विदेश अध्ययनका लागि नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्दै गएको राष्ट्र बैंकको मासिक प्रतिवेदनले औंल्याएको छ। उक्त अवधिमा अध्ययनका लागि विदेश जाने नेपाली विद्यार्थीको संख्या बढेसँगै सो शीर्षकमा देशबाट बाहिरिने विदेशी मुद्रा पनि बढिरहेको छ। विदेशमा अध्ययनसँगै काम र राम्रो आयआर्जन पनि हुने भएकाले पछिल्ला वर्षमा उच्च शिक्षाका लागि विदेश जाने क्रम बढिरहेको पछिल्लो तथ्याङ्कले प्रष्ट पार्दछ। आगामी वर्षहरुमा यो क्रम अझ बढ्ने सम्भावना उच्च रहेको छ।

नेपालमा लामो समयदेखिको राजनीतिक अस्थिरता बढ्दै गएको, आर्थिक विकासका लागि राज्यस्तरबाट प्रभावकारी रुपमा काम हुन नसकेको, रोजगारीको नयाँ अवसर सिर्जना नभएको लगायत अन्य विभिन्न कारणहरुले गर्दा पनि अध्ययनका नाममा नेपालबाट बाहिरिने व्यक्तिहरुको संख्या दिनानुदिन बढ्दै गएको सरकारी प्रतिवेदनले देखाएको छ । पछिल्लो समय विद्यार्थी भिसामा मात्र नभई कामको लागि खाडी मुलुक देखि युरोपतिर जाने नेपालीहरुको लहर उस्तै नै रहेको छ । दिनहुँ त्रिभुवन विमानस्थलमाबाट विभिन्न मुलुकमा जाने हजारौं नेपालीहरुको संख्याले पनि विभिन्न राजनीतिक दलका नेताहरु र देशका उच्च तहमा रहेका व्यक्तिहरुलाई एकपटक गम्भीर रुपमा सोंच्न बाध्य पारेको छ। विदेशबाट दिनहुँ कैयौं नेपालीहरुको मरेका लासहरु आएका हुन्छन्, तर पनि सरकार सम्पूर्ण कुराहरु थाहा पाएर पनि थाहा नपाए जस्तै गरेर लाचार बनिरहेको हुन्छ। घरमा बुढा भएका बुवाआमा अनि श्रीमती र साना बालबालिकाहरुको भविष्य सहज बनाउन परदेश पसेका परदेशिहरुको वास्तविक समस्या र पीडा बुझ्ने सरकार न हिजो थियो न आज छ।

विदेशको उच्च शिक्षाले आफ्नो छोराछोरीहरुको भविष्य सुरक्षित हुन्छ भन्ने विश्वासले गर्दा पनि अभिभावकहरुले चर्को ब्याजमा लाखौं ऋण खोजेर भएपनि अध्ययनको लागि जापान, अष्ट्रेलिया, अमेरिका, क्यानडालगायत अन्य युरोपियन मुलुकमा पठाउने गरेको पाइन्छ। विदेशमा गरिएको उच्च शिक्षाको अध्ययनले छोटो समयमा नै स्वयम व्यक्तिसँगै परिवारको जीवनशैलीमा नै आमुल परिवर्तन ल्याउन सक्छ भन्ने मानसिकताले गर्दा पनि आजभोलि १२ कक्षा पास गरेपछि धेरै विद्यार्थीहरुको सपना नै बाहिर गएर उच्च शिक्षा अध्ययन गर्ने सोच रहेको पाइन्छ । आफ्ना साथीहरुलगायत आफन्तहरुको वैदेशीक अध्ययनपछि जीवनस्तरमा आएको परिवर्तनले गर्दा पनि आजभोलि यो लहर बढिरहेको छ, यद्यपि विदेशिक अध्ययन सोंचेजस्तै र अरुको प्रगति देखे जस्तै आफूले आत्मसाथ गर्दा भने त्यति सहज हुँदैन। सानो उमेरमा नै परिवार छोडेर परदेशमा एक्लै बस्नुको आफ्नै पीडा हुन्छ त्यसैमाथी महङ्गो कलेज शुल्क, होस्टेल, खाना तथा विभिन्न खर्चहरु पनि उस्तै महङ्गो हुने र ब्याजमा खोजेको ऋणको दबाब पनि हुने भएकोले कठिन अवस्था र चुनौतीको सामना पनि गर्नुपर्ने हुन्छ । सुरुमा भाषागत समस्या तथा कामको अनुभवको अभावले गर्दा पनि केहि असहज हुन सक्दछ साथै काम पाए पनि आफू बस्ने ठाउँ तथा कलेजबाट निकै टाढा हुने तथा कामको समय नमिल्ने पनि हुन सक्दछ। नेपालबाट विदेशजानु अघि जस्तो सपना देखिन्छ तर वास्तविक भोगाइ नितान्त फरक हुने भएको हुनाले पनि केहि विद्यार्थीहरुले आत्महत्या समेत गर्ने गरेको पाइन्छ त्यसैले विदेशमा उच्च शिक्षा अध्ययन गर्न जानु अघि अभिभावकले पनि आफ्नो सन्तानको मनोवललाई राम्रोसँग बुझि गम्भिर तरिकाले सोचि निर्णय लिन जरुरी देखिन्छ।

पछिल्लो समय नेपालको आर्थिक , सामाजिक तथा राजनीतिक परिवेशलाई हेर्ने हो भने पनि हरेक व्यक्तिमा राष्ट्रभाव र मातृत्व हुँदाहुँदै पनि देश छोड्न बाध्य भैरहेका छन् । देशमा निजी तथा सरकारी क्षेत्रमा लामोसमयसम्म काम गरिरहेका व्यक्तिहरु पनि पछिल्लो समय जागिर छोडेर विदेश पलायन तिर लागेका छन र यसको प्रमुख कारण आर्थिक पाटो नै रहेको देखिन्छ। दैनिकी उपभोग्य वस्तुहरुको चर्को रुपमा मूल्यवृद्धि हुँदै जाँदा पनि सरकारले नागरिकको समस्यालाई बुझ्न नसक्नु नै आजको प्रमुख समस्या रहेको छ। केही निजी तथा सरकारी क्षेत्रका कर्मचारीहरुको मासिक आम्दानीले आफ्नो परिवार पाल्नलाई नै निकै कष्टकर रहेको बढ्दो महङ्गीले प्रष्ट पारेको देखिन्छ। त्यसैले गर्दा पनि आजभोलिका भाइबहिनीहरुले विदेश अध्ययनलाई विशेष प्राथमिकता दिएको देखिन्छ । पछिल्लो समय विदेश अध्ययनको लर्को हेर्दा अबको केहि वर्षमा नेपालमा विभिन्न क्षेत्रमा नयाँ दक्ष जनशक्ति पाउन निकै मुस्किल देखिनेछ। वैदेशिक अध्ययनमा गएर आर्जन गरेका विभिन्न ज्ञान, सीपलाई स्वदेशमा गएर प्रयोग गर्न पनि सरकारले उचित किसिमको पारश्रमिक नदिने डरले अधिकांश विद्यार्थीहरु विदेशमा नै लामो समय बिताउन चाहन्छन्, त्यसैले यस विषयलाई पनि सरकारले विदेश ध्यान दिई स्वदेश मै फर्काएर उचित व्यवस्थापन गर्न जरुरी देखिन्छ।

विदेशमा अध्ययन गर्न जाने अधिकांश विद्यार्थीहरुले आफ्नो भविष्य मात्र नभएर आफ्ना सन्तानहरुको भविष्य पनि उतै बनाइदिने सोंच राख्ने हुनाले देशमा जनसंख्या मात्र नभएर दक्ष जनशक्तिको पनि कमि हुने देखिन्छ।

सरकारले यस विषयलाई विशेष प्राथमिकता नदिने हो भने अबका केही वर्षहरुमा नेपालका विश्वविद्यालयदेखि अन्य कलेजहरुमा विद्यार्थीहरुको न्यून उपस्थिति हुने निश्चित देखिन्छ, साथै भएका विद्यार्थीहरुलाई अध्यापन गराउने शिक्षकहरुको माग संख्या पनि अपुग हुने निश्चित जस्तै देखिन्छ । शिक्षा क्षेत्र मात्र नभई स्वास्थ्य क्षेत्रलगायत अन्य क्षेत्रमा पनि दक्ष जनशक्तिको अभाव हुने देखिन्छ।यसैगरी देशमा भएका युवा जनशक्ति विदेश पलायन हुने अनि विदेशमा आर्जन गरेका ज्ञान तथा सीप भएका नागरिकहरुलाई स्वदेशमा फर्काएर प्रयोग गर्न सकिएन भने देशको भविष्य र अब आउने पुस्ताहरुको लागि कति सम्म चुनौती हुन्छ भन्ने विषयलाई सरकारले एकपटक गम्भीर रुपमा सोंच्ने होकि !!

*सत्यवती-२, चेहेमी गुल्मी*
*हाल ओसाका जापान*

# आयुर्वेदअनुसार जिब्रो सफा गर्नु किन जरूरी छ ?

**डा. निर्मल भुसाल**

राम्रो स्वास्थ्यका लागि, मौखिक स्वच्छताको विशेष ख्याल राख्न सल्लाह दिइन्छ । धेरैजसो मानिसहरू बिहान दाँत सफा गर्छन्, तर जिब्रो सफा गर्दैनन् । यस्तो अवस्थामा जिब्रोमा जम्मा भएको फोहोर सफा नगर्दा मानिसहरूको सास गन्हाउने, जिब्रो संवेदनशील हुने र मुखमा ब्याक्टेरिया बढ्ने जस्ता समस्या हुन सक्छ । जसले मुखको स्वास्थ्यका साथै सम्पूर्ण स्वास्थ्यमा पनि नराम्रो असर पार्छ र यससँग सम्बन्धित धेरै समस्याहरू निम्त्याउँन सक्छ । यस्तोमा दाँत मात्र हैन जिब्रोलाई पनि सफा गर्नुपर्छ ।

**जिब्रो सफा गर्नु किन महत्त्वपूर्ण छ ?**

आयुर्वेदका अनुसार 'जिबा निर्लेखन' अर्थात् जिब्रोको सफाइ मौखिक स्वच्छताको एक महत्वपूर्ण भाग हो । पाचन प्रक्रिया ठिक नभएका कारण जिब्रोमा विषाक्त पदार्थ जम्मा हुन्छन् । यस्तो अवस्थामा हरेक बिहान जिब्रो सफा गर्नु धेरै महत्त्वपूर्ण छ । जिब्रो सफा गर्ने स्क्र्यापर धारिलो धार बिना घुमाउँरो हुनुपर्छ र सुन, चाँदी, तामा, टिन वा पीतलबाट बनेको हुनुपर्छ ।

स्क्र्यापरमा डिटोक्सिफाइङ र एन्टी-माइक्रोबियल गुणहरू हुन्छन् । यसको प्रयोगले जिब्रोमा रहेको विषाक्त पदार्थ र विजातीय पदार्थ हटाउन मद्दत गर्छ । यस्तो अवस्थामा, हरेक बिहान जिब्रोमा सफा गर्नाले मुखको स्वास्थ्य सुधार गर्न मद्दत गर्छ ।

**हरेक बिहान जिब्रो सफा गर्नुका फाइदाहरू**

**विजातीय पदार्थ हटाउने**

जिब्रोमा जम्मा भएको फोहोर र विषाक्त पदार्थ हटाउन जिब्रो सफा गर्नु महत्त्वपूर्ण हुन्छ । यसले धेरै स्वास्थ्य लाभहरू पनि दिन्छ । यसबाहेक, यसले जिब्रोको संवेदनशीलता सुधार गर्न र स्वाद बढाउन पनि मद्दत गर्छ ।

**सासको दुर्गन्ध हटाउने**

आयुर्वेदका अनुसार जिब्रो सफा गर्नाले मुखबाट ब्याक्टेरिया हटाएर सासको दुर्गन्ध कम गर्न मद्दत गर्छ । यसले मुखको स्वास्थ्य सुधार गर्न मद्दत गर्छ ।

**पाचनका लागि लाभदायक**

आयुर्वेदका अनुसार नियमित रूपमा जिब्रो सफा गर्नाले पाचन प्रणालीलाई स्वस्थ राख्न पनि मद्दत गर्छ । यसले अन्य समस्याहरू कम गर्न र राम्रो स्वास्थ्य कायम राख्न पनि मद्दत गर्छ । साथै, यसले पोषक तत्त्वहरूको अवशोषणलाई पनि सुधार गर्छ ।

**प्रतिरोधात्मक क्षमता बढाउँछ**

आयुर्वेदका अनुसार जिब्रो सफा गर्नाले शरीरको रोग प्रतिरोधात्मक क्षमता बढाउन पनि मद्दत गर्छ । यसो गर्नाले मुखमा रहेको विषाक्त पदार्थ बाहिर निस्कन्छ, जसले रोगहरू रोक्न पनि मद्दत गर्छ ।

**जिब्रो सफा गर्न स्क्र्यापर कसरी प्रयोग गर्ने ?**

जिब्रो सफा गर्नका लागि दैनिक स्क्र्यापर प्रयोग गर्नु फाइदाजनक हुन्छ । यसका लागि, स्क्र्यापरलाई जिब्रोमा हल्का रूपमा राखेर ५-७ पटक पछाडिबाट अगाडि तानेर प्रयोग गरिन्छ ।



रक्षाबन्धन :
रक्षाबन्धनको अवसरमा जिल्ला कारागार रूपन्देही आएका दिदी बहिनी । कैदी बन्दी रहेका दाजुभाइलाई रक्षाबन्धन बाँध्नका लागि कारागार गेटमा पालो कुर्दै । मोहम्मद हबिब/भैरहवा

# विधिपूर्वक मनाइयो ऋषितर्पणी, रक्षाबन्धन र जनैपूर्णिमा पर्व



बुटवल । प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमाका दिनमा मनाइने ऋषितर्पणी, रक्षाबन्धन एवम् जनैपूर्णिमा पर्व शनिबार स्नान गरी नयाँ यज्ञोपवित (जनै) धारणसहित डोरो बाँधेर मनाइएको छ ।

श्रावण महिनामा गरिने स्नान भएकाले यस पर्वलाई श्रावणी स्नान पनि भनिन्छ । सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरु वृहस्पतिले रक्षा विधान तयार गरी 'जेले गर्दा अत्यन्त बलशाली दानवराज बलि बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित बन, विचलित नहोऊ' भनी डोरो बाँधेर जोगाएका थिए भन्ने पौराणिक मान्यताका आधारमा यो पर्व मनाउन सुरु गरिएको हो ।

यसैकारण रक्षाबन्धन गर्ने बेलामा गुरु पुरोहितले 'येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामि रक्षेमा चलमाचल' भनी रक्षासूत्र, रक्षाबन्धन अथवा डोरो बाँध्ने वैदिक परम्परा रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका पूर्वअध्यक्ष प्राडा रामचन्द्र गौतमले जानकारी दिए ।

मानव रक्षाका लागि जप, तप र पूजा गरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितले यजमानको नाडीमा बाँधिदिएर यो पर्व मनाइएको छ । स्नानपछि जौ, तिल र कुशद्वारा ऋषिहरूलाई तर्पण गरी वैदिक रुद्राभिषेक पद्धतिबाट मन्त्रिएको नयाँ जनै (यज्ञोपवित) फेरिएको छ ।

यस दिन सप्तऋषिहरू काश्यप, अत्रि, भारद्वाज, गौतम, जमदग्नि, वशिष्ठ र विश्वामित्रलाई तर्पण दिने गरिन्छ । ऋषिलाई तर्पण गर्ने भएकाले यो दिनलाई ऋषितर्पणी पनि भन्ने गरिएको हो । आजै मन्त्रिएको जनै फेर्ने गरिएकाले श्रावण शुक्ल पूर्णिमालाई जनैपूर्णिमा पनि भनिएको गौतमले बताऐ ।

वैदिक गुरु परम्पराअनुसार यज्ञोपवित अर्थात् जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागोका रूपमा मानिन्छ । जनैका दुई शिखामध्ये एउटा शिखामा रहने तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वरको प्रतीकका रूपमा पुजिन्छ । अर्को डोराको तीनवटा शिखालाई भने कर्म, उपासना र ज्ञानको त्रियोगका रूपमा लिइन्छ ।

यो दिन ११ थरीका गेडागुडी मिसाई भिजाएर टुँसा उमारी क्वाँटी बनाएर खाने गरिन्छ । यसरी क्वाँटी बनाई खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षायामभर खेतीपातीको काम गर्दा शरीरमा लागेको चिसो निकाली भित्रदेखि तापको सञ्चार गर्छ भन्ने धार्मिक मान्यता छ ।

नेपालको तराई क्षेत्रमा भने दिदीबहिनीले दाजुभाइलाई राखी बाँधेर यो पर्व मनाइएको छ । यसबाट दिदीबहिनी र दाजुभाइका बीचमा प्रेमसम्बन्ध बढ्छ भन्ने सामाजिक मान्यता छ । यस अवसरमा काठमाडौँको पशुपति, गोकर्णेश्वर, डोलेश्वर, सन्तानेश्वरलगायत शिवालय, उपत्यकाको उत्तर पूर्वी भेगस्थित मणिचुड, रसुवाको गोसाइँकुण्ड, ललितपुरको कुम्भेश्वर, सिन्धुपाल्चोकको पाँचपोखरी, धनुषाको जनकपुरधाम, धनुषसागर र गङ्गासागर, जुम्लाको दानसाधु एवम् नवलपरासीको त्रिवेणीधामलगायत ताल, पोखरी र कुण्डहरूमा मेला लागेको छ ।

**मनाइयो गुन्हु पुन्ही**

नेवारी समुदायले श्रावण शुक्ल पूर्णिमालाई गुन्हु पुन्हीका रूपमा मनाएका छन् । विशेषगरी क्वाँटी खाने परम्परा नेवारी समुदायको यसै पर्वबाट आएको हो भन्ने तर्क पनि एकथरी संस्कृतिविद्को छ । नेवारी समुदायका मानिसले घण्टाकर्ण राक्षसलाई समाप्त पार्न योगदान गरी मानवीयतालाई बचाउन सहयोग गरेको विश्वासमा भ्यागुतालाई पूजा गर्ने परम्परा रहिआएको छ ।

बौद्ध दर्शनलाई अँगाल्ने बौद्ध धर्मावलम्बीले भने आजको दिनलाई भगवान् गौतमबुद्धले कामशक्तिमाथि विजय प्राप्त गरेको सम्झनाको दिनका रूपमा मनाउने गर्दछन् । बौद्ध धर्मग्रन्थ ललितबिस्तरमा यससम्बन्धी विस्तृत व्याख्या गरिएको छ ।

# सीप हस्तान्तरण नहुँदा हराउँदै जनै बनाउने चलन

नवलपरासी । नयाँ पुस्तामा सीप हस्तान्तरण नहुँदा हिन्दू धर्मावलम्बीले मात्र प्रयोग गर्ने जनै बनाउने प्रचलन हराउँदै जान थालेको छ । हिजो आज जनै घरमा नै तयार पार्ने प्रचलन हराउँदै गए पछि बाह्य उत्पादनको भर पर्नुपर्ने अवस्था सृजना भएको छ ।

युवापुस्ता रोजगारी तथा अन्यकार्यमा व्यस्त रहने हुँदा पनि जनै तयार पार्ने सीप सिक्न नसक्दा अहिले यो सीप नै लोप हुने अवस्थामा पुगेको हो । युवापुस्ताले जनै बनाउनेकार्यमा चासो नदिने तथा सुलभ मूल्यमा बजारमा जनै पाइने भएकाले यो क्रम हराउँदै गएको नवलपरासी(बर्दघाट सुस्ता पूर्व) कावासोती नगरपालिका-६ का पूर्ण भुसालले बताए । "अधिकांश युवा वैदेशिक रोजगारीमा गएकाले पनि जनै बनाउने सिप नहुँदा हिजो आज यो क्रम हराउँदै गएको छ", उनले भने-"आफैँले बनाउनुभन्दा बजारमा किन्न सजिलो हुने भएपछि सबैले त्यसै गर्न थालेका छन् ।"

केही वर्ष अगाडिसम्म जनै बनाएर आफन्तलाई पनि दिने गरेको भएता पनि पछिल्लो समय बजारबाट खरिद गरी प्रयोग गर्ने गरेको मध्यविन्दु नगरपालिका-७ का मणि सापकोटाले बताए ।

"आजकाल अधिकांश युवा विदेश छन्, भएका पनि रोजगारीमा लागेका छन् । फुर्सद् नहुँदा नयाँ युवाले जैनै बनाउने सिप नै सिक्न छाडे", उनले भने-"अधिकांश गाउँघरमा युवा पुस्ताभन्दा वृद्ध वृद्धा र महिला बालबालिका मात्र हुँदा पनि जनै बनाउने मान्छे पनि नभएर यो सिप हराउँदै गयो ।"

गाउँमा अहिले जनै बाट्नै छाडिसकेको सापकोटाले बताए । जनै पूर्णिमाको लागि बजारबाट मेसिनले बाटेको जनै खरिद गरेर ल्याएको उनले जनाए । बजारमा विदेशबाट आयातित र विभिन्न मेसिन तथा उपकरण प्रयोगबाट बनाइएका जनै फरकफरक मूल्यमा उपलब्ध हुने गरेका छन् । नयाँ जनै फेर्नुपर्ने हिन्दु संस्कारमा रहिआएको मान्यताअनुसार जनै पूर्णिमाको लागि जनैको कारोबार पनि ठुलै हुने गरेको पाइन्छ ।

विगतका वर्षमा गाउँघरमा ब्राह्मण तथा क्षेत्री समुदायका व्यक्तिले एक महिना अघिदेखि नै जनै बाट्न सुरु गर्ने गरेको र त्यो जनै नै उत्कृष्ट जनै रहने गरेको पण्डित इन्द्रप्रसाद गौडेलले उल्लेख गरे । "आफ्नै हातले धागो सङ्ल्याएर, कतुवामा बाटेको जनै नै राम्रो हो, हिजो आज मेसिनको प्रयोगबाट जनै लगाउनु बाध्यता भइसक्यो" उनले भने-"भारतबाट आउने जनै निकै सस्तो हुन्छ, तर त्यसको बनावटी राम्रो र उपयुक्त हुँदैन ।"

पछिल्लो समय हिन्दु धर्मावलम्बीको पवित्र पर्वको रूपमा मनाइने जनपूर्णिमाको महत्त्व नयाँ पुस्ताले बिर्सँदै गएको पण्डित गौडेलले गुनासो गरे ।

"रक्षा बन्धनका दिन नजिकैको धार्मिक मठमन्दिरमा गएर विधिपूर्वक पूजाआजा गर्नुपर्ने भएता पनि बजारमा भित्रिएका जनै र धागोलाई प्रयोग गर्न थालिएको छ", उनले भने-"आधुनिकताको नाममा र युवापुस्ता व्यस्त रहने हुँदा संस्कृति लोप हुने अवस्थातिर पुग्ने हो कि भन्ने चिन्ता थपिएको छ ।"

जनै पूर्णिमा(रक्षा बन्धन)का दिन इष्टमित्रसँग जनै लगाउने र रक्षा बन्धन बाँध्नाले शत्रुबाट रक्षा हुने जनविश्वास रही आएको छ । "तागाधारीले कश्यप, अत्रि, भारद्वाज, गौतम, जमदग्नि, विश्वामित्र र अरुन्धतीसहित सप्त ऋषिलाई तर्पण दिने भएकाले जनै पूर्णिमालाई ऋषि तर्पणी पनि भन्ने गरिएको छ", पण्डित गौडेलले भने-"हिन्दु धर्मावलम्बीले यस पूर्णिमाको दिन नजिकैको तीर्थस्थलमा गई मन्त्रो उच्चारण गरी विधिपूर्वक पूजाआजा गरेर घरमा लगेको जनै र रक्षा बन्धन लगाएर जनै पूर्णिमा पर्व मनाउने परम्परा रही आएको छ ।"

**रुपन्देही...**

कार्यक्रममा लोसपा अध्यक्ष महन्थ ठाकुरले जनताले चाहेको खण्डमा अहिलेको शासन सत्ता एकैछिनमा ढल्ने बताएका छन् ।

अधिकार र पहिचानका लागि थारु र मधेशका सयौं सपुतले बलिदानी दिए पनि अधिकारी पाउन नसकेको उनको गुनासो थियो ।

'अधिकार र पहिचानको निम्ति थारु र मधेशीका सयौं सपुतहरुले बलिदानी दिए तर हामीले अधिकार पाएनौं ।'- उनले भने ।

वर्षौंदेखि जरा गाडेर बसेको राजतन्त्र पनि ढलेको बताउँदै जनताले चाहे अहिलेको शासन सत्ता पनि ढल्ने उनको भनाइ छ ।

'जनताले अस्वीकार गरेर राजतन्त्र ढल्न सक्छ भने अहिलेको शासन सत्ता पनि जनताले चाह्यो भने एकछिनमा ढालिदिन सक्छ ।'- ठाकुरले भनेका छन् ।

देशमा संघीयता आए पनि अधिकार भने नपाएको उनको गुनासो थियो ।

आफूहरूले बनाएको मोर्चा सोही अधिकार प्राप्तिका लागि संघर्ष गर्नका लागि बनेको ठाकुरको भनाइ छ ।

**सम्बर्द्धन...**

कारोबारतर्फ आ.व. २०८१/८२ मा १ अर्ब ८७ करोड ३१ लाख ७२ हजार ७५२ रुपैयाँ, ०८० -८१ मा ७९ करोड ७४ लाख ९४ हजार ६५१ रुपैयाँ, ०७९-८० मा ४० करोड ५४ लाख ४२ हजार ९६४ रुपैयाँ र २०७८-७९ मा ३४ करोड एक लाख ३ हजार १५२ रुपैयाँ भएको वन निर्देशनालय, लुम्बिनी प्रदेशले जनाएको छ ।

लुम्बिनीमा कूल प्रदेशको भूगोलको ४३.७२ प्रतिशत अर्थात् ९ लाख ७४ हजार ३८१ हेक्टर वन क्षेत्र रहेको छ ।

लुम्बिनीमा सामुदायिक, साझेदारी र चक्ला वन गरी ४ हजार १४६ वटा वन छन् । तीमध्ये अहिले ३४६ वटा वनमा मात्र सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रम लागू हुँदा वार्षिक ४२ करोड बढी राजस्व संकलन भएको छ ।

प्रदेश सरकारका वन तथा वातावरण मन्त्री देवकरणप्रसाद कलवारले दिगो वन व्यवस्थापन र बजार प्रणालीको आधुनिकीकरणले काठ उत्पादन, राजस्व, कारोबार र रोजगारी सबै बढेको बताए । 'वनलाई आयस्रोतको मात्र रूपमा होइन, वातावरण संरक्षणको आधारस्तम्भका रूपमा पनि हेर्नुपर्ने बेला आएको छ ।'-उनले भने ।

प्रदेश वन निर्देशनालयका निर्देशक प्रभात सापकोटाले सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन, विज्ञानसम्मत रुख कटानी, वनउपज लिलामी प्रणालीमा सुधार, स्थानीय समुदायको सक्रिय सहभागिता र अनुगमन प्रणालीको मजबुतीले राजस्व वृद्धिमा उल्लेख्य सुधार आएको बताए ।

वन मन्त्रालयका सचिव प्रमोद भट्टराईले वन क्षेत्रबाट प्राप्त हुने आर्थिक लाभलाई अझै दिगो बनाउन नीति तथा कानुन सुधारको प्रक्रिया अगाडि बढाउने क्रममा रहेको बताए ।

'२०७८ देखि ०८१-८२ सम्मको वन क्षेत्रको राजस्व आम्दानी र अन्य सबै सूचकमा उल्लेखनीय उपलब्धि भएको छ, आगामी वर्षमा अझ बढी आर्थिक र वातावरणीय फाइदा लिन सकिन्छ ।'-उनले भने ।

नेपाल वन प्राविधिक संघ लुम्बिनिका अध्यक्ष केशव खड्काले वन विज्ञहरूको प्राविधिक दक्षता, सिल्भिकल्चरको सही प्रयोग र वन व्यवस्थापनमा वैज्ञानिक विधि अपनाउनु नै यो उपलब्धिको मेरुदण्ड भएको बताए । उनले प्राविधिकजनको क्षमतावृद्धि र अनुसन्धानमा लगानी बढाउन सुझाव दिए ।

'प्रदेशका ४ हजार १४६ वटा वनमध्ये ३४६ वटामा मात्रै सम्बर्द्धन प्रणालीमा आधारित व्यवस्थापन कार्यक्रम लागू भइरहँदा वार्षिक ४२ करोड रुपैयाँ राजस्व संकलन भएको छ, १५ सय वनमा यो कार्यक्रम लागु गर्ने हो भने वार्षिक ७ अर्ब राजस्व आम्दानी हुन्छ, जसको ५ अर्ब समुदायमा जान्छ, २ अर्ब प्रदेश सरकारको खुद आम्दानी हुनसक्छ ।'-खड्काले भने ।


Affiliated to Tribhuvan University

## Madhyabindu Multiple Campus

Accredited by UGC Nepal (2022 AD)

Kawasoti, Nawalparasi (East of Bardaghat Susta)

## Invitation for E-Bid

**First Date of Publication: 2082-04-25 BS(10-08-2025 AD)**

1. Madhyabindu Multiple Campus, Kawasoti-03,Nawalparasi(East of Bardaghat Susta)invites electronic bid from duly registered eligible bidders for the contract given below.

| S.N. | Contract No. | Description of the Work | Estimated Amount With Vat With PS NRs | Minimum Bid Security Amount (NRs) and its validity period | Non Refundable fee for Bidding Document NRs | Bid Validity Period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | MMC/UGC/NCB/ Works 01/082-83 | Construction of Madhyabindu Multiple Campus Building Phase-I | 1,97,73,834.83 | 450,000.00 | 3000.00 | 90 Days | |

2. Bidders may obtains further information at the Madhyabindu Multiple Campus, Kawasoti-03,Nawalparasi (East of Bardaghat Susta) Contract: 9864452099,9841925441 or may visit PPMO e-GP System https://bolpatra.gov.np/egp.
3. For Purchasing Bid Document, Name of Office: Madhyabindu Multiple Campus, Kawasoti-03 Nawalparasi(East of Bardaghat Susta) Name of Bank: Rastriya BanijyaBank Limited, Kawasoti Branch Account no.: 3200100005076001
4. To deposit security in Cash: Name of Bank: Rastriya Banijya Bank Limited, Account Name: DharautiKhata, Account no:32001000050760015. Last date and time for bid submission: 2082-05-24 / 12:00 Noon (ii) Date, time and place for bid opening: 2082-05-24 / 14:00 Hours. Madhyabindu Multiple Campus, Kawasoti-03 Nawalparasi East. For detail information, please inspect the bidding documents at the Madhyabindu Multiple Campus, Kawasoti-03 Nawalparasi(East of Bardaghat Susta) or through website: www.bolpatra.gov.np/egp

**Campus Chife**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# पूर्वाधार निर्माणमा दूरदर्शिताको अभाव कि मनोमानी ?







बुटवल उप-महानगरले स्थानीय तहमा नयाँ नेतृत्व आएपछि मेयर शिवराज सुवेदीको पालामा देवीनगरमा बनाएको वडा कार्यालय भवन ७ वर्षसम्म प्रयोगमै आएन। अहिले उक्त भवन अपाङ्गतामैत्री भएन भन्दै मेयर खेलराज पाण्डेयको कार्यकालमा फेरि एक करोड २२ लाख ४२ हजार बढी लागतको अर्को वडा कार्यालय भवन बनाउन शनिबार शिलान्यास गरिएको छ। यसले करोडौं लगानीका पूर्वाधार निर्माणमा स्थानीय तहको दूरदर्शिताको अभाव हो कि मनोमानी हो ? भन्ने गम्भीर प्रश्न उब्जाएको छ। *तस्विर सौजन्य : लक्ष्मणविक्रम मल्ल*

# नवलपुरको गैंडाकोटमा चियाको परीक्षण खेती



नवलपरासी। नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोटमा चिया खेती सुरुआत गरिएको छ। गैंडाकोट-१८ को बसेनी गाउँमा परीक्षणको रूपमा चिया खेती सुरु गरिएको नगरपालिकाले जनाएको छ।

गैंडाकोट नगरपालिका प्रमुख मदनभक्त अधिकारीले १८ वडा रहेको यस पालिकाको पहाडी क्षेत्रमा पर्ने बसेनी गाउँमा परीक्षणका लागि सात हजार ५०० चियाको विरुवा लगाइएको बताए।

पहाडी क्षेत्र भएकाले यहाँको भूगोल र हावापानी उपयुक्त भएकाले परीक्षणका लागि चिया खेती सुरु गरिएको उनको भनाइ छ। "गैंडाकोटको यो १८ नम्बर वडा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण स्थान हो" उनले भने-"यसै वर्षदेखि यहाँ पूर्वाधार विकास गरेर भविष्यमा बसेनीलाई पर्यटकीय गाउँको रूपमा विकास गर्ने नगरको योजना छ।"

गैंडाकोट नगर उप-प्रमुख शान्ति कोइरालाले गैंडाकोट नगरपालिका प्राकृतिक रूपमा सुन्दर र हावापानीले विविधताले भरिपूर्ण पालिका भएको बताइन्। हाल व्यक्तिगत र सामुदायिक रूपमा बसेनीमा चिया खेती गरिएको उनको भनाइ छ। "अहिले हामीले परीक्षणका रूपमा चिया खेती सुरु गरेका छौँ" उनले भनिन्-"यसले राम्रो उत्पादन दियो र स्थानीय आकर्षित भए भने हामीले खेती बिस्तार गर्ने योजना बनाएका छौँ।"

गैंडाकोटमा पर्ने पूर्वपश्चिम राजमार्गबाट आधा घण्टाको दूरीमा नै चिसो हावापानी र बाह्रै महिना जाडो हुने क्षेत्र रहेको भन्दै उनले गर्मी र जाडो दुवै हावापानी भएकाले यहाँ पर्यटकीय सम्भावना रहेको बताइन्।

बसेनीमा चिया खेती गरेर पर्यटकलाई आकर्षित गर्ने योजना रहेको कोइरालाको भनाइ छ। बसेनीमा चिया बगान, सुन्तला खेती बिस्ता, घरबास (होमस्टे) सञ्चालन गरी पर्यटकीय क्षेत्र बनाउने अवधारणाअनुसार आफूहरु अगाडि बढेको उनले जानकारी दिइन्।

गैंडाकोट नगरपालिका कृषि विकास शाखा प्रमुख राजुप्रसाद शर्माले गैंडाकोटको बसेनीमा चिया उत्पादन गरेर बिक्री गर्नुभन्दा पनि पर्यटकीय दृष्टिकोणले खेती गरिएको बताए। यसैवर्षदेखि यहाँ होमस्टे निर्माण गर्ने योजना रहेको जनाउँदै शर्माले होमस्टेमा आउने पर्यटकलाई लक्षित गरेर उपहारका लागि चियाको ब्राण्डिङ गरिने जनाए। चिया बगान हेर्न इलाम नै जानुपर्ने अवस्थाको अन्त्य गर्न र यहाँको पर्यटन प्रवर्द्धन गर्न चिया खेती सुरु गरिएको उनको भनाइ छ।

"अहिले यस क्षेत्रबाट ठूलै संख्यामा पर्यटक इलाम जाने गर्नुभएको छ," उनले भने-"इलाम जाने पर्यटकलाई गैंडाकोट भित्र्याउने र उहाँहरुलाई घरमा जाने बेलामा उपहार दिने गरी चियाको खेती सुरु गरेका छौँ।" गैंडाकोटमा आएर बस्ने पर्यटकलाई 'मायाको चिनो'स्वरुप गैंडाकोटको चिया र स्थानीय उत्पादन कोसेली पठाइउने योजना रहेको शर्माले सुनाए। जिल्लाकै विकट गाउँको रूपमा रहेको यस वडामा पछिल्लो समय विकास निर्माणका पूर्वाधार निर्माण हुँदै गएपछि आवागमन समेत सहज भएको उनको भनाइ छ।

गाउँमा गरिएको चिया खेतीको सुरुआती तरणमा बसेनी टोल सुधार समितिले रेखदेख गर्ने र वडा कार्यालयले संरक्षण गर्नेगरी खेती सुरु गरिएको शर्माले बताए।

उत्पादन सुरु भएपछि र स्थानीय खेतीमा आकर्षित भएपछि चिया खेती उपभोक्ता समूह बनाएर चिया बगान नै उनीहरुलाई हस्तान्तरण गर्ने लक्ष्य रहेको शर्माको भनाइ छ। अहिले सुरु गरिएको चिया खेतीबाट दुई वर्षभित्र उत्पादन लिन सकिने अपेक्षा गरिएको उनले बताए।

# सिकार आरक्ष ढोरपाटनमा घोडा सफारी

बागलुङ। नेपालकै एक मात्र सिकार आरक्ष क्षेत्र ढोरपाटन उपत्यकामा घोडा सफारी व्यवसाय फष्टाउँदो छ। घोडापालन गर्दै आएका स्थानीयको दैनिकी अहिले पर्यटकलाई घोडामा घुमाउनै ठिक्क छ।

ढोरपाटनमा पछिल्लो समय पर्यटकको चाप बढेपछि घोडा व्यवसायी दङ्ग छन्। ढोरपाटन उपत्यकामा फुलेका अनेकथरी फुलमा घोडा दौडाउने, भिडियो खिच्ने, फोटो खिच्ने र टिकटक बनाउने पर्यटकको संख्या बढेपछि घोडा व्यवसायीको आम्दानी बढेको छ।

घोडा पालेरै घर खर्च धान्दै आएका ढोरपाटन नगरपालिका-९ निवासी अनिस विकले पर्यटक बढेपछि दिनमै रु तीन हजारभन्दा माथि आम्दानी गर्दै आएको बताए। "पहिले त मुस्किलले दिनमा रु एक हजार हुन्थ्यो, अहिले रु तीन हजारसम्म आम्दानी भइरहेको छ, ढोरपाटनमा फुलेका बुकी फुलमा घोडा चढ्ने बढेका छन्।"-उनले भने।

उहाँका अनुसार ढोरपाटनमा पछिल्लो समय पर्यटक उल्लेख्य रुपमा बढेका छन्। "ढोरपाटनमा आएका पर्यटकहरु घोडा नचढ्ने कुरै हुँदैन, घोडा चढेको फोटो र टिकटक मैले नै खिचिदन्छु, पर्यटकहरु खुसी भए अझ धेरै रकम खन्छिन्", विकले भने-"एक पटक घोडामा चढेर फोटो तथा भिडियो बनाएको दुई सय लिन्छु, ढोर बराही दर्शन गरेको रु पाँच सय र बुकी पुगेको तीन हजारसम्म लिने गरेको छु, सबैभन्दा बढी पर्यटक घोडा चढेर ढोरपाटन उपत्यकाको फूलमा फोटो तथा भिडियो बनाउन रुचाउँछन्।"

घोडाको खानपान घटाउँदा घर खर्च गरेर एक/दुई हजार दैनिक बचत हुने गरेको छ। यहाँका स्थानीयले घारवास र घोडा सफारीबाट मुख्य आम्दानी लिने गरेका छन्। बर्खायाम भए पनि



यहाँको बुकी फूल हेर्न कै लागि बुटवल, काठमाडौं, पोखरा, बागलुङ बजारसहितका छिमेकी पालिकाहरुबाट ढोरपाटनमा पर्यटक आउने गरेका छन्।

असारदेखि भदौसम्म यस क्षेत्रमा विभिन्न प्रजातिका वनफूल अर्थात् बुकी फूल फुल्ने गर्छन। मङ्सिर-पुसमा बाक्लो हिमपात हुने हुँदा कतिपय पर्यटक हिउँ खेल्नकै लागि आउँछन्। यहाँ आउने पर्यटक घोडा नचडी फर्किएको पाइँदैन। पर्यटकहरू घोडा चढेरै बुकी पाटनसम्म जाने गर्दा घोडाधनीहरु उत्साहित रहेका छन्।

घोडापालनमा भने चुनौती रहेपछि पछिल्लो समय आम्दानी बढेको घोडाधनी मैतराम विकको भनाइ छ। दुई घोडा पालेका मैतरामको घर खर्च चलाउने माध्यम घोडा नै हो। उनले बुकीपाटनमा पर्यटकका सामग्री पुऱ्याउन आफ्ना घोडा प्रयोग गर्दै आएको बताए।

"हिमपात हुने तीन महिना घोडालाई दाना खुवाएर पाल्नुपर्दछ, अघिपछि पर्यटकहरु आउनुहुन्छ, हिमपातमा घोडा हिडाउन मिल्दैन, घरमै पाल्दा कठिन हुन्छ, अहिले घोडामै पर्यटकलाई बुकीपाटन लैजाने व्यवस्था मिलाइएको छ, ढोरपाटन उपत्यकाबाट बुकी पुऱ्याएको रु तीन हजारदेखि रु चार हजारसम्म दिन्छन्।"-विकले भने।

बर्खायाम भए पनि ढोरपाटन क्षेत्रमा पर्यटकको आगमन बढ्दै गएकाले घरवास र घोडा सफारी व्यवसाय फष्टाउँदै आएको स्थानीय घरवास सञ्चालक रामबहादुर घर्तीले जानकारी दिए। सिकार आरक्ष क्षेत्रमा गत आर्थिक वर्षमा २३ हजार पर्यटक भित्रिएका थिए। जुन अघिल्लो आर्थिक वर्षको तुलनामा हजारले बढी हो।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स् फोन: ०७१-५३५३१७ ९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही

विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com